# बुद्धभूमी नगरपालिका
## आठौं नगर सभा
## २०७७।०९।२६

## सातौं नगर सभाबाट पारित योजना तथा कार्यक्रम
## नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यू बाट
## आठौं नगर सभाबाट संशोधन भएका निर्णयहरू
## आ.ब. २०७७/०७८

## आठौं नगरसभाका निर्णयहरु:

**प्रस्ताव नं. १ : आ.व. २०७७/०७८ को हालसम्म भएका कार्यहरूको प्रगति समिक्षा सम्बन्धमा ।**

निर्णयः

१. सातौं नगरसभाबाट पारित योजनाहरू मध्ये ठूला प्रकृतिका योजनाहरूको प्रतिस्पर्धाको माध्यमद्वारा निर्माण कार्य गराउने प्रयोजनका लागि हाल सम्म २६ वटा योजनाको लागत इस्टिमेट स्वीकृत गरी E-tender मार्फत (१२ करोड ७३ लाख) भएकोमा उक्त योजनाहरू प्रतिस्पर्धाका कारणले ७ करोड ९१ लाख मा ठेक्का सम्झौता/कबुल भएको ।

२. हाल सम्म यस आ.व. मा १५ वटा कार्यविधि निर्माण भएको ।

३. हाल सम्म उपभोक्ता समिति मार्फत १४२ वटा योजनाको ८ करोड ४ लाख ५३ हजार बराबरका रकमका योजना सम्झौता भएको र १९ वटा योजना सम्पन्न भई ७२ लाख ५० हजारको भुक्तानी भई सकेको ।

४. सुकुम्बासी / दलित/ भूमिहिन र अव्यवस्थित बसोबासीको सम्बन्धमा भूमि सम्बन्धी समस्या समाधान आयोग सँग MOU भई स्थानीय सहजीकरण समितिको बैठक, कार्यपालिकाबाट बजेट व्यवस्था, कार्यालय व्यवस्थापन सम्बन्धी, जनशक्ति परिचालन सम्बन्धमा निर्णय भई कार्य अघि बढेको ।

५. अघिल्लो नगरसभाबाट बहुवर्षीय / म्याद थप भएका १५ वटा योजनाहरू मध्ये ९ वटा योजना सम्पन्न भई ६ वटा बाँकी रहेको जसमध्ये महुवा नयाँ नगर, ५ नं. वडा कार्यालय जाने बाटो, १ नं. वडामा रहेको कर्भडहल लगायत योजनाहरू मध्ये केही योजनाको म्याद विविध कारणले फागुन मसान्त सम्म थप गरी कार्य सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउने उपयुक्त हुने ।

६. वस्तुनिष्ठ नागरिक वडापत्र तयारी भई website मा प्रकाशन भएको, प्रोत्साहनलाई सूचकका आधारमा स्व.मूल्याकन प्रणालीका रूपमा विकास गर्न Indicator हरू निर्माण भई कार्यान्वयनमा आएको ।

७. PCR test साप्ताहिक रूपमा सञ्चालनमा रहेको व्यवस्थित Isolation center सञ्चालनमा रहेको ।

८. मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम मार्फत वडा नं. ५,६,७,८ र १० का सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत छात्राहरू (२४७ जनालाई) साइकल वितरणको ठेक्का प्रक्रिया सुरू भएको, वडा कार्यालयहरूमा ५० हजार सम्मको विपद् सामाग्री सहितको विपद् व्यवस्थापन कर्नर स्थापनाका लागि निर्णय भएको ।

९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDAPA), बहुक्षेत्रीय पोषण कार्यक्रम शुरू भएको ।

१०. २(दुई) लाख सम्मका योजना कार्यान्वयनको जिम्मा वडा कार्यालयमा दिई हाल सम्म २८ वटा योजना सम्झौता भई कार्यान्वयन सुरू भएको जानकारी प्राप्त भएको । साथै वडा कार्यालयमा प्राविधिक कर्मचारी खटिएको ।

११. जिन्सी निरीक्षण प्रतिवेदन तयार भई सकेको ।

१२. आन्तरिक आम्दानी बढोतरीको अधिकतम प्रयास शुरू भएको ।

१३. हालसम्मको पूजीगत खर्च २ करोड ३१ लाख ९५ हजार (५.८ प्रतिशत) तथा चालु खर्च ११ करोड २१ लाख ३ हजार (२२.९९ प्रतिशत) भएको ।

१४. लागत सहभागिता (६०:४०, ७०:३०, ५०:५०) को कार्यक्रमका लागि सूचना आह्वान भई छनौट भई सम्झौता शुरू भएको ।

१५. औषधी खरिद भई स्वास्थ्य संस्थाहरूमा वितरण भै सकेको ।

१६. ५ लाख सम्म उद्यमहरूको अभिलेखीकरण/नवीकरण सम्बन्धी कार्य शुरू भएको ।

१७. बजार अनुगमन कार्यविधिको संशोधन गरी बजार अनुगमन शुरू गरिएको ।

१८. धान मिसन, तरकारी पकेट कार्यक्रमको सूचना आह्वानका अलावा च्याउको विउ वितरण लगायतका कार्यका साथै मल व्यवस्थापन समिति गठन सहकारी छनौट लगायतका कार्य समयमा शुरू भएको।

१९. सभाहल निर्माणका लागि प्रदेश सरकारबाट ४० लाख बजेटरी सहयोग प्राप्त भई बाँकी कार्य शुरू भएको।

२०. सर्पदंश उपचार केन्द्रको व्यवस्थापनमा नगरपालिकाको अग्रसरतामा दिगो व्यवस्थापनका लागि नगरपालिका/ गाउँपालिका सँग समन्वय, बजेट व्यवस्था मिलाउने प्रयत्न भएको।

२१. कार्यविधि निर्माणद्वारा स्थानीय सरकार सञ्चालन ऐन द्वारा प्रद्धत अधिकारको संस्थागत गर्न कार्यविधि निर्माणद्वारा कार्य शुरू गरिएको।

२२. कोभिड-१९ मा मंसिर १७ गते सम्म भएको खर्च सार्वजनीकरण तथा कार्यपालिकाका निर्णय प्रवक्ता मार्फत सार्वजनीकरण गर्ने गरिएको।

**प्रस्ताव नं. २ : कार्यविधिगत प्रबन्धहरूको जानकारी सम्बन्धमा।**

**निर्णयः** कामको सहजीकरणका लागि कार्यपालिकाले निर्माण गरेका कार्यविधिहरूको बारेमा जानकारी लिईयो।

१. संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७
२. टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७७
३. नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७
४. फुसको छानारहित वा सुरक्षित फुसको छनायुक्त संरचना निर्माण सम्बन्धी कार्यविधि २०७७
५. घुम्ती मिल तथा पुरानो कपडाहरूबाट सिरक/डसना बनाउने कार्य व्यवस्थित सम्बन्धी कार्यविधि २०७७
६. व्यवसाय करलाई व्यवस्थित बनाउने कार्यविधि २०७७
७. प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि २०७७
८. लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशीलता सम्बन्धी कार्यविधि २०७७
९. अनुदानमा म्याचिङ प्लाष्टिक वितरण कार्यक्रम कार्यविधि २०७७
१०. साना कृषि मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७
११. अतिविपन्न तथा विदेशबाट फर्किएका विपन्न परिवारका सदस्य/व्यवसायउन्मुख कृषकलाई अनुदान कार्यक्रम कार्यविधि २०७७
१२. विपन्न परिवारका लागि मागमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि २०७७
१३. बुद्धभूमि नगरपालिकाभित्र बसोबास गर्ने एकल तथा एकल आश्रित परिवारको उद्यमशीलता सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७
१४. घर बहाल कर व्यवस्थापन कार्यविधि २०७७
१५. पशु विकास सम्बन्धी कार्य सञ्चालन सम्बन्धी एकीकृत कार्यविधि २०७७
१६. अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७

**प्रस्ताव नं. ३ : अल्याको बचत रकमबाट खर्च गर्ने अख्तियारी सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमि नगरपालिकाको आ.व. २०७६।०७७ को अल्यामा बचत भएको रकमबाट तपसिलका योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय कार्यपालिकाबाट भएको साथै अन्य गरी देहायका कार्यक्रम सञ्चालन गर्ने।

१. संस्कृति, पर्यटन तथा नागारिक उड्डयन मन्त्रालयको प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७७ को शर्त अनुरूप बुडडी तालको संरक्षण सौन्दर्यीकरण तथा थारू संग्रहालयको अधुरो संरचना पुरा गर्न अधिकतम ४ करोड ५० लाख,

वडा नं. १ र २ मा रहेको बुद्धवाटिका र चिल्ड्रेन पार्कको निर्माण तथा सौन्दर्यीकरणका लागि १ करोड ५० लाख गरी जम्मा ६ करोडको म्याचिङ्ग (३५%) व्यहोर्ने २ करोड १० लाख।

२. गोरूसिगें शहरी खानेपानी तथा सरसफाई आयोजना निर्माणका लागि उपयोक्ताहरूबाट व्यहोर्ने लागत ५% रकम मध्ये नगरपालिकाबाट ३% सम्म व्यहोर्ने निर्णय अनुरूप MOU मा सम्झौता भएको। - अनुमानित ८१ लाख

३. भूमि सम्बन्धी समस्या समाधान आयोग ईकाई कार्यालयको लागि रू. २८,५०,०००।- बजेट व्यवस्था गर्ने निर्णय गरिएको।

४. राजश्व फिर्ता प्रयोजनका लागि रू. १,००,०००।-

५. पानी तथा विजुली रू. १,५०,०००।-

६. सञ्चार महसुल रू. ३,००,०००।-

७. नगरसभा सदस्यको विमा तथा नगरपालिका संघको सदस्यता शुल्क रू. १,००,०००।-

**प्रस्ताव नं. ४ : समपुरक, विशेष तथा अन्य विषयहरू सम्बन्धमा।**

**निर्णयः** आगमी आ.ब. मा संघीय सपुरक, विशेष योजनाका लागि देहाय अनुरूप योजना माग तथा म्याचिङमा माग साथै अन्य समिति / कार्यदलका निर्णय समेत सर्वसम्मत रूपमा अनुमोदन गर्ने।

१. ३ वर्ष भित्र सम्पन्न गर्ने गरी बहुवर्षिय योजनाको रूपमा संघीय समपुरक योजनाका लागि टिक्कर- बुडढी- विजगौरी सडक दुईलेनका रूपमा विकास तथा स्तरोन्नतिका लागि खण्ड (क), खण्ड (ख) र खण्ड (ग) गरी माग गर्ने।

२. विशेष अनुदानका योजनाका लागि वडा नं. ७ मा रहेको मानपुर स्वास्थ्य चौकीको नवनिर्माण तथा वडा नं. ३ को वडा कार्यालय निर्माणका लागि समावेश गर्न माग गर्ने।

३. कार्यपालिका / समिति /कार्यदलहरूले गरेका निर्णयहरूको अनुमोदन गर्ने।

४. नक्सा अभिलेखीकरणः- २०७५ सालसम्म घर निमार्ण सम्पन भई अभिलेखीकरण प्रयोजनका लागि वडा कार्यालयबाट २०७६ फागुन मसान्त सम्म सर्जमिन भएका हकमा प्रति वर्गफूट ३ गुना हुने गरी अभिलेखीकरण गर्ने।

**प्रस्ताव नं. ५ : बचत रकम परिचालन सम्बन्धमा।**

**निर्णयः** आ.ब. २०७७/०७८ को ठेक्का प्रक्रिया मार्फत बचत हुन आउने रकमबाट सकभर अधुरा योजनाहरूको बाँकी कार्य पुरा गर्ने तथा देहायका कार्यहरू समेत गर्ने गरी तपसिलका कार्यक्रम अगाडि बढाउने निर्णय गरियो।

१. नगरपालिकाको परिसरको सौन्दर्यीकरण तथा अगाडीको अधुरो भवन पुरा गर्न इस्टिमेट अनुरूप कार्य गर्ने गरी कार्यपालिकाबाट निर्णय भएको नगरपालिका परिसरमा अधुरो रहेको प्रशासनिक भवनको बाँकी कार्य पुरा गर्न समिति मार्फत कार्य अघि बढाउने।

२. निर्माणाधीन भू.पू. सैनिक भवनको लागि रू. ३ लाख, भू.पू. प्रहरी अधुरो भवन निर्माणको लागि रू. ३ लाख, र चौरी वेश क्याम्पको भान्सा निर्माणका लागि रू. २ लाख गरी जम्मा रू. ८ लाख बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने।

३. बहादुरगंज आखा अस्पताल तथा हिंसामा परेका महिला बालबालिकाका लागि अल्पकालिन आश्रय दिने साथी संस्था तौलिहवालाई ३/३ लाखका दरले जम्मा ६ लाख।

४. अस्पतालको DPR गरी DPR अनुरूप संरचना निर्माणको कार्य अघि बढाउने ।

५. ढुङ्गा, गिट्टी बालुवा र हाटबजारको आ.व. २०७६।०७७ को निकासी तथा ठेक्का व्यवस्थापनका सम्बन्धमा अदालतबाट वा कार्यदलको प्रतिवेदन अनुरूप कार्यपालिकाको निर्णय समेतका आधारमा फर्म /कम्पनी /संस्था वा व्यक्ति लाई फिर्ता दिने रकम ।

६. कार्यपालिकाबाट यस अघि तथा पछि आर्थिक पक्ष सँग जोडिने विषयहरू ।

७. अत्यावश्यक तथा भैपरी रूपमा आउने अन्य कार्यहरू ।

८. जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको संयोजनमा ३ वटा पालिकाहरूको संयुक्त लगानीमा गौशाला निर्माणको सम्बन्धमा निर्णयानुसार निर्माण/ सञ्चालन गर्ने/गराउने ।

९. अधुरो कर्भलहल (वडा नं. १) प्राविधिक कारणले छुट हुन गएको ५ लाख सहित रू. २५ लाख ।

१०. नगरस्तरीय अत्यावश्यक मर्मत तथा निर्माण कार्यको लागि थप २० लाख व्यवस्थापन गरी कार्यान्वयन गर्ने ।

११. सूचना संचारको लागि रू. ३ लाख ।

**प्रस्ताव नं. ५ : समपुरक, विशेष तथा अन्य विषयहरू सम्बन्धमा ।**

**निर्णयः** आगामी आ.ब. मा संघीय सपुरक, विशेष योजनाका लागि देहाय अनुरूप योजना माग तथा म्याचिङमा माग साथै अन्य समिति / कार्दलका निर्णय समेत समाग्रतामा अनुमोद गर्ने ।

५. ३ वर्ष भित्र सम्पन्न गर्ने गरी बहुवर्षिय योजनाको रूपमा संघीय समपुरक योजनाका लागि टिक्कर- बुडढी- विजगौरी सडक दुईलेनका रूपमा विकास तथा स्तरोन्नतिका लागि खण्ड (क), खण्ड (ख) र खण्ड (ग) गरी माग गर्ने ।

६. विशेष अनुदानका योजनाका लागि वडा नं. ७ मा रहेको मानपुर स्वास्थ्य चौकीको नवनिर्माण तथा वडा नं. ३ को वडा कार्यालय निर्माणका लागि समावेश गर्न माग गर्ने ।

७. कार्यपालिका / समिति /कार्यदलहरूले गरेका निर्णयहरूको अनुमोदन गर्ने ।

८. नक्सा अभिलेखीकरणः- २०७५ सालसम्म घर निमार्ण सम्पनन भई अभिलेखीकरण प्रयोजनका लागि वडा कार्यालयबाट २०७६ फागुन मसान्त सम्म सर्जमिन भएका हकमा प्रति वर्गफूट ३ गुना हुने गरी अभिलेखीकरण गर्ने ।

**प्रस्ताव नं. ६ : योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

**निर्णयः** सातौं नगर सभाबाट पारित योजना तथा कार्यक्रम आवश्यकताका कारणले तथा सहजरूपले सञ्चालन गर्नको लागि तपसिलका योजनाहरूलाई संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं | सि.नं. | भएको विवरण | रकम | हुनु पर्ने विवरण | रकम |
|---|---|---|---|---|---|---|
| १ | २ | नगरस्तरीय सा.पु. १तर्फ | बडहरा थारू गाउँको अधुरो सडक निर्माण | १००००००। | पुरैना गाउँ भित्रको गल्ली सडक पिसिसि | १००००००। |
| २ | | | अवलोकन भ्रमण खर्च २२५२२ | १३०००००। | भ्रमण खर्च २२६१२ | १३०००००। |
| ३ | १ | सा. १४ | हरितालिका तीज (महिला लक्षित) | ५००००। | कार्यालय सञ्चालन तथा व्यवस्थापन | ५००००। |

| क्र.स. | वडा नं | सि.नं. | भएको विवरण | रकम | हुनु पर्ने विवरण | रकम |
|---|---|---|---|---|---|---|
| ४ | | लक्षित सि.नं. १ | जेष्ठ नागरिकको लागि भजन कृर्तन मनोरञ्जनको लागि (कार्यविधि अनुरूप) | ४०००००। | भजन कृतन मनोरञ्जनका लागि | १०००००। |
| | | | | | अधुरो भवन इमिलिया | ३०००००। |
| ५ | १ | पू.१५ | विपद् व्यवस्थापन कार्यक्रम | १०००००। | अत्यावश्यकीय मर्मत सम्भार तथा विविध | १०००००। |
| ६ | २ | सा. ३ | जेष्ठनागरिक आँखा शिविर | १०००००। | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १०००००। |
| ७ | २ | पू. १९ | मर्मत सम्बन्धी कार्यहरू | ६६०००। | कार्यालय संचालन, व्यवस्थापन तथा मर्मत | ६६०००। |
| ८ | २ | पू. १७ | विपद् व्यवस्थापन कार्यक्रम | १०००००। | वडा प्रोफाईल निर्माण (विपद् क्षेत्र यकिन सहित) | १५००००। |
| ९ | २ | सा. ७ | डेंगुरोग तथा सरूवा रोग नियन्त्रण तथा सचेतना कार्यक्रम | ५००००। | | |
| १० | २ | सा. १८ | युवा स्वरोजगार अनुदान कार्यक्रम वैदेशिक रोजगारीबाट फर्किएका तथा अन्य कृषि व्यवसाय संकलन युवाहरूको मागमा आधारित | २०००००। | कृषि सामाग्री वितरण | २०००००। |
| ११ | ३ | सा.१ | तीज गीत कार्यक्रम तथा विभिन्न दिवस मनाउने | १०००००। | महिला सिपमुलक तालिम | १०००००। |
| १२ | ४ | पु-३ | सडक पि.सि.सि वा ब्लक-गिता हमालको घर देखि देउरि ताल जाने बाटो .साधुकुटी जाने बाटो | ५०००००। | गिता हमाल घर देखि देउरि ताल बाटो | २०००००। |
| | | | | | साधुकुटी जाने बाटो पि.सि.सि | ३०००००। |
| १३ | ४ | पु-१३ | विपद् व्यवस्थापन | १०००००। | सरसफाई | ५००००। |
| | | | | | विपत व्यवस्थापन | ५००००। |
| १४ | ४ | शिक्षातर्फ २७ | ने.रा.मा.वि. पिपलडाँडा अधुरो वाउण्डी वाल | ४०००००। | ने.रा.मा.वि. पिपलडाँडा अधुरो वाउण्डी वाल साथै अन्य निर्माण | ४०००००। |
| १५ | ५ | सा.२ | मुडा बनाउने तालिम | ३५००० | अगरवत्ती बनाउने अभिमुखीकरण कार्यक्रम | ३५०००। |
| १६ | ५ | पू. ५ | मन्दिर/ मस्जिद | १०००००। | मन्दिर/ मस्जिद तथा अन्य पूर्वाधार निर्माण | १०००००। |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

| क्र.स. | वडा नं | सि.नं. | भएको विवरण | रकम | हुनु पर्ने विवरण | रकम |
|---|---|---|---|---|---|---|
| १७ | ५ | सा. १६ | विपद् व्यवस्थापन कार्य | १०००००। | विपद् व्यवस्थापन कार्य तथा मुगुरघाट खोप केन्द्र मर्मत | १०००००। |
| १८ | ५ | सा.पू.३९ | राजपुर विद्यालय मर्मत | ४०००००। | राजपुर विद्यालय वाल वाउण्डरी | ४०००००। |
| १९ | ५ | प्र. १५ | करेहेरा गाउँमा पि.सि.सि | १००००००। | पर्क्रैहटा गाउँमा पि.सि.सि | १००००००। |
| २० | ६ | पु-६ | खानेपानीको लागि पाईप मत्था.तथा जाली वितरण | ५०००००। | खानेपानीको लागि पाईप मत्था तथा जाली खरिद तथा जडान | ५०००००। |
| २१ | ९ | पु-१८ | कालोपाईप .पम्पसेट .मोटर जडान -विभिन्न स्थान -वडा स्तरिय | ५०००००। | स्यालो ट्युवेल तथा कालो पाईप .पम्मसेट मोटर जडान -विभिन्न स्थानमा -वडा स्तरिय | ७०००००। |
| ३० | ९ | पु-२० | स्यालो ट्यूवेल र कालोपाईप -विभिन्न स्थान -धमौलि पुर्वडिहि | २०००००। | | |
| ३१ | ९ | सा-६ | अगरबत्ति बनाउने तालिम प्रगति स्वास्थ्य आमा समुह -डुमरा | ५००००। | गुडिया तथा कुसन वनाउने तालिम प्रगति स्वास्थ्य अमा समुह | ५००००। |
| नगरपालिका तथा जिल्ला समन्वय समिति कपिलवस्तुबाट लागत साझेदारीमा सञ्चालन हुने योजनाहरू संशोधन | | | | | | |
| ३२ | न.पा. | २. को क | खानेपानी व्यवस्थापन हेन्डपाइप सामाग्री खरिद | २००००००।- | खानेपानी व्यवस्थापन हेन्डपाइप सामाग्री खरिद तथा जडान | २००००००।- |
| ३३ | | २. को ख | खानेपानी व्यवस्थापन हेन्डपाइप सामाग्री खरिद | १२०००००। | खानेपानी व्यवस्थापन हेन्डपाइप सामाग्री खरिद तथा जडान | १२०००००। |
| ३४ | | २. को ग | खानेपानी व्यवस्थापन हेन्डपाइप सामाग्री खरिद | २८०००००। | खानेपानी व्यवस्थापन हेन्डपाइप सामाग्री खरिद तथा जडान | २८०००००। |
| ३५ | | ३ | खानेपानी व्यवस्थापन तथा मर्मत निर्माण | १६०००००। | खानेपानी व्यवस्थापन तथा मर्मत निर्माण साथै जडान | १६०००००। |
| ३६ | न.पा. | ८ | गौतमबुद्ध क्याम्पस तल्ला थप | २२०००००। | गौतम बुद्ध क्याम्पस तल्ला थप | ११०००००। |
| | | | | | बुद्धभूमि क्याम्पस तल्ला थप | ११०००००। |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. ७ : म्याद थप सम्बन्धमा ।**

**निर्णयः** गत आ.व का तपशिल बमोजिमका योजना सम्पन्न नभएकी हुदाँ चैत्र मसान्त सम्म म्याद थप गर्ने

| S.no | Contract ID | Name of project | Contract ID | Remark |
|---|---|---|---|---|
| 1 | 10/BM/RD/076/077 | Construction of Mahuwa Nayanagar Road(3+500 to 4+640) | 10/BM/RD/076/077 | |
| 2 | 21/BM/BDG/076/077 | Construction of First Floor Office Building of Ward no.1 Bhelai | 21/BM/BDG/076/077 | |
| 3 | 22/BM/RD/076/077 | Construction of Asphalt Concrete Pavement Road on i)5 No Wada karyalaya jaani sdak, Buddhabhumi - 5 Rajpur ii)Hariharpur Paschim gaun dekhi wada karyalay hudai Pachigawa sadak, Buddhabhumi - 8 Hariharpur iii)Bhairampur,kilauli,milanchowk sadak, Buddhabhumi - 4 buddhi iv) Prasurampur,dhankauli,hariharpur hudai khairahaniya maharajjung sadak Buddhabhumi - 8 | 22/BM/RD/076/077 | |

**प्रस्ताव नं. ९ : IEE प्रतिवेदन सम्बन्धमा ।**

**निर्णयः** IEE बाट प्राप्त उत्खनन क्षेत्र सहित दैनिक तथा बार्षिक उत्खनन सम्बन्धी Quantity यकिन विवरणका सम्बन्धमा जानकारी प्राप्त भयो । अगिया, घोगवा, गुडरूङ खण्ड (क) र (ख), कुन्द्रा, झिगवा, वाणगंगा

**प्रस्ताव नं. ९ : कोरोना विमा सम्बन्धमा ।**

**निर्णयः** यस अघि नै कार्यपालिकाका सदस्यहरूको कोरोना विमा गरिएकोमा जोखिमलाई मध्येनजर गर्दै सबै नगरसभा सदस्यहरूको पनि कोरोना विमा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अब्यवस्थित बसोबासीको लगत संकलन तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

**निर्णयः** भूमिहिन दलित, भुमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अब्यवस्थित भूमि सम्वन्धी समस्या सामाधान आयोगसंग मिति २०७७।८।२८ गते सम्पन्न समझदारी पत्र संझौता (MOU) अनुसार भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अब्यवस्थित बसोबासीको लगत संकलन कार्यको लागि भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अब्यवस्थित बसोबासीको लगत संकलन सम्वन्धि कार्यविधि, २०७७ को बुदा नं. ४ (१) मा तथ्यांक संकलन ईकाई स्थापना गर्नु पर्ने प्रावधान बमोजिम २०७७।१०।१ गते देखि ईकाई कार्यालय स्थापना गर्ने र उक्त कार्यालयमा रहने जनशक्ति ब्यवस्थापनको लागि ४(२) अनुसार हुने गरी कार्यविधिको अनुसूची १ बमोजिम रहने कर्मचारीहरुलाई मिति २०७७।१०।१५ गतेदेखि काममा लगाउने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

<u>तपशिलः</u>

| ईकाई कार्यालयको पद | श्रेणी वा तह | नाम, थर | सेवा | कैफियत |
|---|---|---|---|---|
| ईकाई प्रमुख (संयोजक) | अधिकृत सातौ | श्री राजन कुमार पोखरेल | प्रशासन | स्थायी |
| सुपेरिवेक्षक | सहायक पाचौ | | प्राविधिक | आयोग |
| अमिन | सहायक चौथो | श्री गौतमदिप चौधरी | प्राविधिक | सेवा करार |
| लगत प्रविष्टकर्ता | सहायक चौथो | श्री रविन चौधरी | प्रशासन | सेवा करार |

| | | | | |
|---|---|---|---|---|
| तथ्यांक संकलक | सहायक चौथो | श्री अनिता केसी | प्रशासन | सेवा करार |
| | | श्री सुमित्रा भुसाल | प्रशासन | सेवा करार |
| | | श्री शान्ता पौडेल | प्रशासन | सेवा करार |
| | | श्री जिवन भुसाल | प्रशासन | सेवा करार |
| | | श्री नम कुमारी श्रेष्ठ | प्रशासन | सेवा करार |
| | | श्री प्रदिप यादव | प्रशासन | सेवा करार |
| | | श्री ओम प्रकास गुप्ता | प्रशासन | सेवा करार |
| | | श्री पार्वता खनाल | प्रशासन | सेवा करार |
| | | श्री गौरा अधिकारी | प्रशासन | सेवा करार |
| | | श्री प्रतिक्षा भुसाल | प्रशासन | सेवा करार |
| सामाजिक परिचालक | सहायक चौथो | | प्रशासन | रिक्त |
| हेल्पर (नापी कार्यको लागि) | श्रेणी विहिन | | प्रशासन | रिक्त |

**प्रस्ताव नं. ११ : योजना सम्झौता सम्बन्धमा ।**

निर्णयः यस नगरपालिकाको नगरस्तरीय योजना सञ्चालनको लागि सम्झौता र भुक्तानी सिफारिस माग गर्दा कतिपय वडाहरूले आलटाल गरी सिफारिस नदिदा उपभोक्ता समिति पदाधिकारीहरूको गुनासो आउने गरेको हुँदा, गुनासो व्यवस्थापनको लागि ध्यानमा राखी सिफारिस प्राप्त हुन नसकेमा त्यस्ता प्रकृतिका सिफारिसको हकमा नगर उपप्रमुखको सिफारिसमा नगरस्तरीय योजनाहरूको सम्झौता/भुक्तानी प्रक्रिया लाई सहजता ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : शोक प्रस्ताव पारित सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिकाको वडा नं. ७ र १० का निर्वाचित वडा अध्यक्ष तथा यसै नगरको कार्यपालिका सदस्य राजनीतिक व्यक्तित्व तथा समाजसेवी श्री राजेश्व सिंह र श्री त्रिलोकी खरविन्दको असामयिक निधनले नगरपालिका परिवार अत्यन्त दुःखित भएको छ । यस दुःखद घडीमा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिरवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी नगर कार्यपालिकाको बैठकको निर्णय समेतलाई समर्थन गर्दै नगरसभाबाट सर्वसम्मत रूपमा शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख